# रामधुनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश १, नेपाल

☎०२५५६२००५

प.सं. ०७६।०७७

च.नं.

मिति :२०७७।१।२०

## प्रेश बिज्ञप्ति

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (covid-19) को संभावित संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले मिति २०७६।१२।११ देखि देशभर बन्दाबन्दि (lock down) घोषणा गरेको हुँदा यस नगरमा रहेका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग एवं असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड २०७६ स्विकृत गरि सो बमोजिम प्रथम चरणको राहत ७३६६ घर परिवारलाई वितरण गरि सकिएको साथै lock down को अबधि लम्बिदै गईरहेको अवस्थालाई मध्येनजर गर्दै दोश्रो चरणको राहत वितरणका लागि मिति २०७७।१।०५ गतेको कार्यपालिका बैठकको निर्णयानुसार आवश्यक राहत खरिद गर्ने प्रकृया बमोजिम संझौता भई गृहलक्ष्मि राईस मिल रामधुनी ५ सुनसरीबाट केही परिमाणमा नगरपालिकाले चामल प्राप्त गरि वडा नं. ५ र वडा नं. ९ मा राहत वितरण भई रहेकोमा उक्त राहतमा वितरण गरिएको ग्रेडिङ मंसुली चामल नभई सोना मंसुली चामल उपलब्ध गराईएको र उपलब्ध गराईएको चामल र संझौता गरिएको चामलको दर रेटमा समेत भिन्नता रहेको आदी जस्ता अनर्गल, दिगभ्रमीत अफवाहहरु फैलाएर केही ब्यक्तिहरुबाट जनप्रतिनिधीहरु तथा समग्र नगरपालिका प्रति हिलो छ्याप्ने कार्य भएको हुँदा यस्ता असत्य, अफवाह प्रति नगरपालिका खेद प्रकट गर्दै दोश्रो चरण राहत वितरण गर्नेको लागि संझौता भए बमोजिम नै चामल खरिद गरि भोली देखि नै राहत वितरण गर्न नगरकार्यपालिका प्रतिबद्धता ब्यक्त गर्दछ।

राहत वितरण कार्यमा अवरोध पुर्याउन खोज्नु अमानविय कार्य भएको हुँदा त्यस्ता अनर्गल प्रचार नगर्न नगराउनु हुन समेत नगरपालिका सचेत गराउदैं त्यस्ता हल्लाको पछि नलाग्न सम्पुर्ण जनसमुदाय, पत्रकार, ब्यापारि एवं नगरबासीहरुमा हार्दिक अपिल गर्दछ।

.................

नगर उप प्रमुख

**सविना कुमारी चौधरी**
**नगर उप-प्रमुख**

१।२०

नगर प्रमुख

**जय प्रकाश चौधरी**
**नगर प्रमुख**